# कृषि तथा वन विज्ञान विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई यसै विश्वविद्यालयमा विद्यावारिधि तहमा अध्ययनका लागि मनोनयन सम्वन्धि कार्यविधि –२०७९

## १) पृष्ठभूमि

कृषि तथा वन विज्ञान विश्वविद्यालय एउटा प्राविधिक विश्वविद्यालय भएको हुँदा यहाँ अध्यापन गर्ने शिक्षक प्राध्यापकहरुको न्यूनतम योग्यता वि.स.२०८० देखि विद्यावारिधि हुनुपर्ने विश्वविद्यालयको नीति रहे वमोजिम यस विश्वविद्यालयमा अध्यापनरत विद्यावारिधि डीग्री हासिल नगरेका शिक्षकहरुको वृत्ति विकासका लागि यसै विश्वविद्यालयमा विद्यावारिधि तहमा अध्ययनका लागि मनोनयन गर्दै जाने उद्देश्यले "**कृषि तथा वन विज्ञान विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई यसै विश्वविद्यालयमा विद्यावारिधि तहमा अध्ययनका लागि मनोनयन सम्बन्धि कार्यविधि –२०७९**"तयार गरिएको छ । साथै कर्मचारीहरुको हकमा भने विश्वविद्यालयको नीतिअनुसार कर्मचारीहरुको न्यूनतम योग्यता विद्यावारिधि तह नरहेकोले विद्यावारिधि तह अध्ययनका लागि विश्वविद्यालयले मनोनयन गर्ने छैन ।

## २) विद्यावारिधि मनोनयन विधि एवं प्रक्रिया

क) कृषि तथा वन विज्ञान विश्वविद्यालय, उपकुलपति कार्यालयले विद्यावारिधि अध्ययन गर्न चाहने शिक्षक/प्राध्यापकहरुको मनोनयन गरि प्रत्येक वर्ष (वर्षमा एक पटक) स्नातकोत्तर कार्यक्रम निर्देशनालयमा उक्त तहमा विधार्थी भर्ना आवेदन खुल्नुपूर्व मनोनयनको विवरण पठाउनेछ ।

ख) उपकुलपति कार्यालयले विद्यावारिधि अध्ययन गर्न चाहने शिक्षक/प्राध्यापकहरुको लागि सूचना प्रकाशित गरि आवश्यक मनोनयन प्रक्रियाका लागि Annex 1मा संलग्न PhD Nomination Application Form भर्न लगाउनेछ । साथै विद्यावारिधि अध्ययन गर्न चाहने शिक्षक/प्राध्यापकहरुले उक्त फारम भर्दा अनिवार्य रुपमा सम्बन्धित डीन कार्यालयको स्विकृति पत्र सहित पेश गर्नु पर्नेछ । डीन कार्यालयले विभागिय अध्यक्ष समेतको स्विकृतिमा संकायमा निर्णय गरेपछि स्विकृति दिनेछ ।

ग) बुँदा ख अनुसार प्राप्त हुन आएका आवेदन फारमहरुलाई यस कार्यविधिमा उल्लेखित कमिटिबाट कृषि तथा वन विज्ञान विश्वविद्यालयको शिक्षक कर्मचारी सेवा नियमावली २०६९ को बुँदा ३० को अध्ययन विदा सम्वन्धि प्रावधानहरु साथै २०७२/३/१३ को कार्यकारी परिषद्बाट पारित **कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी वृत्ति विकास सम्बन्धि नीति –२०७२** समेतलाई मध्येनजर गरि यस कार्यविधिमा रहेको मनोनयन छनौट प्रक्रियालाई आधार मानेर प्रतिष्पर्धात्मक रुपमा निष्पक्ष छनौट गरि मनोनयन गर्नेछ ।

## ३) विद्यावारिधिका लागि आवश्यक न्यूनतम मापदण्ड

क) विद्यावारिधि अध्ययन मनोनयनका लागि आवेदन दिने शिक्षक/प्राध्यापकहरु कम्तिमा विश्वविद्यालयमा ३ वर्ष स्थायी सेवा पुरा गरेको हुनुपर्ने एवं अधिकतम उमेर ५० वर्ष ननाघेको हुनु पर्नेछ ।

ख) तर स्वदेशी वा विदेशी परियोजनामार्फत छात्रवृत्ति प्राप्त गरि वा विश्वविद्यालयको नियमानुसार लाग्ने शैक्षिक लगायत अन्य शुल्कहरु परियोजनाले वहन गर्ने गरि मनोनयन सिफारिस भएको अवश्थामा बुँदा क को ३ वर्षे सेवा अवधि लागु हुने छैन ।

## ४) विद्यावारिधि मनोनयन छनौट प्रक्रिया

यसको लागि निम्नानुसार वरिष्ठता, शैक्षिक योग्यता र अनुसन्धान कृतिको आधारमा मूल्याङ्कन गरि योग्यताक्रम निर्धारण गरिनेछ।

**क) वरिष्ठता ४०%** (सेवा अवधि १० वर्षलाई अधिकतम वर्ष मानि वर्षको ४ अङ्क)

**ख) शैक्षिक योग्यता ४०%,** (स्नातक १६ अङ्क, स्नातकोत्तर २४ अङ्क)

| क्र.स. | उर्त्तिण तह | प्रथम श्रेणी वा 3.25/4.0 CGPA वा सो सरह (अङ्क) | द्धित्तीय श्रेणी वा 2.75/4.0 CGPA वा सो सरह (अङ्क) | तृत्तिय श्रेणी वा 2.75/4.0 भन्दा कम CGPA (अङ्क) |
|---|---|---|---|---|
| १ | स्नातक | १६ | १२ | ८ |
| २ | स्नातकोत्तर | २४ | १८ | - |
| | | | | |

**ग) अनुसन्धानात्मक कृति २०%,**

Peer reviewed वा referred journal का कृत्तिहरुलाई मात्र मूल्याङ्कनमा समावेश गरिनेछ। मूल्याङ्कन हुने अधिकतम कृति संख्या -३, र प्रति कृति अधिकतम अंकभार ६.३३ दिईनेछ । मूल्याङ्कन कर्ताले कृतिको गुणस्तर (Impact) र जर्नलको प्रकार (International/National) को आधारमा अङ्क दिनुपर्नेछ।

**अंकभार**

| **S.N.** | **Authors** | **Criteria** |
|---|---|---|
| | **1st** | **100%** |
| | **2nd Corresponding** | **75 %** |
| | **3rd Onwards** | **50%** |

यसरी माथि उल्लेखित बुँदा अनुसार मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त भएमा सम्वन्धित शिक्षक प्राध्यापकहरुको उमेरको जेष्ठताको आधारमा मनोनयन गरिनेछ । साथै मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवार सहित नामावली प्रकाशन गरिनेछ ।

## ५) संकायगत मनोनयन सख्या

विश्वविद्यालयमा रहेको संकायहरुको आकार एवं हाल कार्यरत शिक्षक/प्राध्यापकहरुको सख्याका आधारमा कृषि संकाय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय र वन विज्ञान संकायमा क्रमश ३, २ र २ संख्याका आधारमा रहेर वर्षमा एक पटक मात्र शिक्षकहरुलाई यसै विश्वविद्यालयमा विद्यावारिधि तहमा अध्ययनका लागि मनोनयन गरिनेछ ।

## ६) विद्यावारिधि अध्ययन मनोनयन कमिटि

| | |
|---|---|
| उपकुलपति | –अध्यक्ष |
| सम्वन्धित संकायका सहायक डीन (शिक्षण) | –सदस्य |
| पि.जि. निर्देशक | – सदस्य सचिव |

## ७) कबुलियतनामा

मनोनयन भै विश्वविद्यालयमा विद्यावारिधि अध्ययन गर्ने शिक्षक/प्राध्यापकहरुले अनिवार्य रुपमा Annex 2 मा संलग्न कबुलियतनामा गर्नु पर्नेछ । अन्यथा उपकुलपतिको कार्यालयले मनोनयन रद्द गर्न सक्नेछ ।

## ८) कार्यविधि लागु एवं परिमार्जन

यो कार्यविधि विश्वविद्यालय कार्यकारी परिषदद्वारा पारित भए पछि तत्काल लागु हुनेछ । साथै कार्यकारी परिषदले आवश्यकता अनुसार यसको संशोधन/परिमार्जन गर्न सक्नेछ ।

Annex 1 - PhD Nomination Application Form

Annex 2-शिक्षक/प्राध्यापक संग उपकुलपतिको कार्यालयले गर्ने कबुलियतनामा

Receipt No……………………………..

# Agriculture and Forestry University

## Office of the Vice Chancellor

**Rampur, Chitwan, Nepal**

**Doctor of Philosophy (PhD)**

**PhD Nomination Form**

**A. FACULTY (Field of Study):**

**Faculty of Agriculture:**

Field of Study …… ……………………………………………

**Faculty of Animal Science, Veterinary Science and Fisheries:**

Field of Study ……………………………………..

**Faculty of Forestry:**

Field of Study …………………………………..

Degree: By Course and Research ( ) By Research ( )

**B. APPLICANT'S DETAILS:**

**1. Full Name** (in BLOCK Letters): …………………………..………………………………………………………………

(First name) (Middle name) (Surname)

2. **Date of Birth:** …………/…………/………… (B.S.) …………/…………../…………… (A.D.)

Day Month Year Day Month Year

3. **Place of Birth**: ………...………………………………

4. **Nationality**: ……………………….……..

5. **Sex**: Male / Female

6. **Permanent Address**: Country: …………………… Province; ………………… District: ……………………..

Municipalité/Metro: ………………… Ward #: ...................... Village/Tole: ……………………

Street: ……………………….. House #. ................ Tel.: …………………..…Fax: …………………………

7. **Mailing Address**: ………………………………………………………………………………………………

PO Box #............................................Tel.: …………………………… Fax: …………………………..

Mobile: ………………………….. E-mail: …………………………………………….……………………..…

**8. Affiliated faculty and Department......................................................................................................**

## C. PROFESSIONAL / WORK EXPERIENCE (Chronological order):

**Note: Please submit the official experience Letter/s**

| Duration | Designation | Organization |
|---|---|---|
| | | |
| | | |
| | | |

(Attach additional sheet, if required)

## D. ACADEMIC BACKGROUND:

**Note: Please Submit the copies of the transcripts and certificates**

| Academic Records | Degree | Board/University & Country | Passed Year | Percentage/ Grade | Major Subjects | Remarks |
|---|---|---|---|---|---|---|
| Bachelor's Level | | | | | | |
| Master's Level | | | | | | |
| Others: | | | | | | |

(Attach additional sheet, if required)

(Attach additional sheet, if required)

## E. PUBLICATIONS:

**Note : Please submit the hard copies of the full article.**

| Refereed Journal(Peer Reviewed Journal) | | National/International |
|---|---|---|
| **First Author** | | |
| **2nd Authors/Corresponding** | | |
| **3rd Onwards** | | |
| **Total Publication** | | |

……………

## ENCLOSURE DOCUMENTS CHECK LIST

***Submit the OFFICIAL COPY (attested copy) of followings, in order as:***

1. Curriculum Vitae
2. Citizenship
3. Complete Academic Certificates and Transcripts of bachelor's and Master's degree
4. Grade conversion certificate (if marks are mentioned in GRADE basis)
5. Letter of Approval from the office of the Dean
6. Work Experience Letter/s
7. Publications (Hardcopy)

## DECLARATION / CERTIFICATION:

The information given above is true to best of my knowledge and I shall take sole responsibility on any false statements. I apply for the nomination under post graduate program of AFU and will abide all the rules, regulations, and future amendments of AFU.

*Applicant's Sig.:* ………………………………….

Date*:* **…………………………..**

---

**(For Official Use Only)**

Application Receipt No.: ………………..          Date: ……………………….

---

➢ *Kindly print or make a hard copy, duly filled and submit to the Vice Chancellor Office, Agriculture and Forestry University, Rampur, Chitwan.*

**कृषि तथा वन विज्ञान विश्वविद्यालय**
**उपकुलपतिको कार्यालय**
**विद्यावारिधि अध्ययन मनोनयन सम्वन्धि कबुलितनामा**

लिखितम.............................................कोनाति/नातिनी...................................कोछोरा/छोरी ..............................जिल्ला..................गा.वि.स/न.पा./उप न.पा./म.न.पा......................वडा नं...................मा स्थायी वसोवास गरि कृ.व.वि.अन्तर्गत....................................................संकाय/निर्देशनालय/केन्द्र/आङ्गिकमा........ ...............................पदमा काम गर्ने वर्ष....... को म.....................................लाई कृषि तथा वन विज्ञान विश्वविद्यालयले ................................विषयमा .........वर्ष अवधिको लागि यसै विश्वविद्यालयमा विद्यावारिधि तह अध्ययन गर्नको लागि मेरो मनोनयन भएको हुनाले र सो अध्ययन सम्पन्न गरेपछि कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ नियम ३० अनुसार कम्तिमा ३ वर्ष विश्वविद्यालयको सेवामा रहि काम गर्ने गरि आफुले राजीखुशीले फट्के साक्षीहरुको रोहवरमा यो कबुलियतनामाको लिखित कृ.व.वि.उपकुलपतिको कार्यालयमा बसि गरि दिएको छु। साथै तपशिलमा उल्लेखित शर्तनामाहरु उपर समेत मेरो मञ्जुरी रहेको छ।

१) विद्यावारिधि अध्ययनका लागि मनोनयन भएका शिक्षक/प्राध्यापकहरुले सम्वन्धित संकायले तोके वमोजिम न्यूनतम अध्यापन कार्यभार वहन गर्नु पर्नेछ।

२) विश्वविद्यालयले विद्यावारिधिका लागि मनोनयन हुने शिक्षक/प्राध्यापकहरुको हकमा न्यूनतम ६ सेमेष्टर सम्मको सम्पुर्ण शुल्क मिनाहा गर्नेछ। तर विद्यावारिधि अध्ययनका क्रममा न्यूनतम समयावधि (६ सेमेष्टर) भित्र आफ्नो अध्ययन कार्य पुरा नगरेको खण्डमा थप सेमेष्टरमा लाग्ने सेमेष्टर शुल्क स्यंम आफैले तिर्नुपर्नेछ।

३) विश्वविद्यालयबाट विद्यावारिधिका लागि मनोनयन भएका शिक्षक/प्राध्यापकले आफ्नो काबु भन्दा बाहिरको परिस्थिति परेकोमा बाहेक मनोनयनको मितिले एक वर्ष भित्र अध्ययन शुरु गर्न नसकेमा निजको मनोनयन स्वतः रद्द हुनेछ। उपरोक्त काबु बाहिरको परिस्थिति सम्वन्धमा संकायले स्पष्ट रुपमा खुलाई उपकुलपतिको कार्यालयमा पठाउनु पर्नेछ। साथै मनोनयन भैसकेको कुनै शिक्षकले आफू अध्ययन गर्न असमर्थ भएको भनि उपकुलपतिलाई निवेदन दिएको खण्डमा निजको स्थानमा बाँकी आवेदक मध्ये क्रमशः वैकल्पिक उमेद्वारलाई मनोनयन गरिनेछ।

४) विद्यावारिधिका लागि मनोनित शिक्षकले आफ्नो कारणबाट विद्यावारिधि तह उर्त्तिण गर्न नसकेको खण्डमा विश्वविद्यालयले उपलब्ध गराएको उक्त तहको निर्धारित शिक्षण शुल्क लगायत अन्य शुल्कहरु वार्षिक १० % का दरले जोडी सम्वन्धित शिक्षक/प्राध्यापक बाट असुल उपर गर्नेछ।

५) यस कबुलियतनामामा उल्लेख भएको शर्तको उल्लंघन गरेमा वा उल्लेखित खर्चको रकम नबुझाएमा कृषि तथा वन विज्ञान विश्वविद्यालयले सम्वन्धित शिक्षक/प्राध्यापकको घर घरानावाट सो

सम्पुर्ण असुल उपर गरी लिन सक्नेछ । साथै यसमा सम्वन्धित शिक्षक/प्राध्यापकले कुनै प्रकारको उजुर गर्ने छैन र गरे यसै कागजले वदर हुनेछ ।

६) नियमानुसार आफ्नो अध्ययन विदाको अवधि भरी अध्ययनको प्रगती विवरण प्रत्येक वर्ष पेश गर्दै जानु पर्नेछ ।

७) आफ्नो अध्ययन विदा भुक्तान भएपछि सात दिनभित्र आफ्नो संकाय, निर्देशनालय, केन्द्र, कार्यालयमा सो को प्रतिवेदन अध्ययन विदा प्रदान गर्ने निकायमा ३ महिना भित्र पेश गर्नु पर्नेछ ।

इति सम्बत् ... .....................साल .......................महिना ................गते ..................रोज ..............................शुभम् ।

वा सहि दा

**कृषि तथा वन विज्ञान विश्वविद्यालयको तर्फबाट :**
**उपकुलपति वा निजले तोकेको अधिकारीः**

सही :

नामथर :

पद :

नोटः यस कवुलियतनामा जम्मा ३ प्रति भर्न लगाई उपकुलपतिको कार्यालयमा एक प्रति राखी, सम्वन्धित संकायलाई एक प्रति, र सम्वन्धित शिक्षक/प्राध्यापकलाई एक प्रति दिइनेछ ।